नेपाल सरकार
# गृह मन्त्रालय
फोन नं.:०१-४२११२०८
०१-४२११२०३
इमेल:control@moha.gov.np
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- शा.सु.०८२/०८३/३२
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ४६३

मितिः २०८२/७/२

श्री प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, सबै।

विषय: निर्देशन।

प्रमुख जिल्ला अधिकारीले जिल्लामा शान्ति सुरक्षा तथा अपराध नियन्त्रण, सुशासन, नियमन, समन्वय र सार्वजनिक सेवा प्रवाहमा सहजीकरण गर्नुपर्नेलगायत व्यक्तिगत आचरणसमेतका विषयमा सजगतासाथ सक्रिय एवम् प्रभावकारी भूमिका निर्वाह गरी सरकारप्रति नागरिकको भरोसा र विश्वास जागृत एवम् अभिवृद्धि गर्ने र नतिजा देखिने गरी प्रचलित कानूनले प्रदान गरेका जिम्मेवारी निर्वाह गर्नेक्रममा देहाय बमोजिम गर्नु गराउनुहुन मिति २०८२।७।२ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ।

(क) शान्ति सुरक्षाः

१. जेनजी (Gen-Z) पुस्ताको प्रदर्शनपछि विकसित घटनाक्रमलाई मध्यनजर गर्दै जिल्लाभित्र शान्ति सुरक्षामा तत्काल र दीर्घकालमा असर पार्ने सुरक्षा चुनौतीहरू सतहमा आउनु पूर्वनै पहिचान एवम् विश्लेषण गर्ने। त्यसका लागि सूचना संकलन, विश्लेषण र उपयोगलाई समन्वयात्मकरूपमा प्रभावकारी बनाउने।

२. पछिल्लो परिवर्तन पश्चात् नयाँ सरकार गठन भै आम निर्वाचनको प्रारम्भिक कार्य शुरू भैसकेको सन्दर्भमा सभा, सम्मेलन, बैठक एवम् विरोधका कार्यक्रमहरू संचालन गर्दा अहिंसात्मक हुने गरी शान्तिपूर्ण ढंगबाट अन्य पक्षलाई उत्तेजित नपार्ने एवम् उक्साहट नहुने गरी पूर्वस्वीकृति लिएर मात्र सभा सम्मेलन गर्ने व्यवस्था मिलाउने।

३. जेनजी (Gen-Z) पुस्ताको प्रदर्शनका क्रममा मुलुकका विभिन्न भागमा सुरक्षा निकायको साथबाट हराएका वा लुटिएका हातहतियार र खरखजाना फिर्ता ल्याउन सबै सुरक्षा निकायलेहरूले कार्ययोजना बनाई संयुक्तरूपमा प्रभावकारी Security Operation संचालन गर्ने। अवैध हातहतियारको नियन्त्रण गर्न आवश्यक कार्य गर्ने।

४. जिल्लास्थित सबै सुरक्षाकर्मी तथा निजामती कर्मचारीको मनोबल बढाउने गरी छलफल, अनुगमन एवम् उत्प्रेरणाका कार्यक्रम सञ्चालन गर्ने।

५. कानून कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्दै दण्डहीनताको अन्त्य गरी नागरिकमा स्थानीय प्रशासन एवम् सुरक्षा निकायप्रतिको विश्वास जागृत र अभिबृद्धि गराई सुरक्षा प्रत्याभूति गर्ने। कानून विपरितका कार्यमा संलग्न जो कोहीलाई पनि तत्काल नियन्त्रणमा लिई प्रचलित कानून बमोजिम कारवाही गर्ने।

६. बिस्थापित भएका सुरक्षा निकायका कार्यालय स्थानीय समुदायसमेतसँगको समन्वय एवम् सहयोगमा पुनर्स्थापित गर्ने गराउने।

७. जिल्लाबाट शान्ति सुरक्षा, विपद् व्यवस्थापनलगायत तत्काल जाहेरीसमेतका विषयमा गर्नुपर्ने दैनिक प्रतिवेदन मन्त्रालयको दैनिक प्रतिवेदन प्रणाली (Daily Reporting System) बाट गर्ने। प्रतिवेदन गर्नुपर्ने उल्लेखनीय विषय नभए पनि दैनिक जानकारी गराउने।

नेपाल सरकार

# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२०३
इमेल:control@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- शा.सु.०८२/०८३/३२

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

८. राष्ट्रिय अन्तर्राष्ट्रिय प्रभाव पार्ने, अपराध नियन्त्रण र शान्ति सुरक्षामा गम्भिर असर पुऱ्याउने लगायत महत्वपूर्ण घटनाको सूचना तत्कालै मन्त्रालय समक्ष प्रमुख जिल्ला अधिकारीले जाहेरी गर्ने।

९. जिल्ला भित्रका गतिविधिहरूको बारेमा नियमित प्रतिवेदन र जाहेरी गर्नुपर्ने दायित्व प्रमुख जिल्ला अधिकारीको रहने भएकोले घटनाको प्रकृति र संवेदनशीलता विश्लेषण गरी यथाशीघ्र जानकारी गराउने र मन्त्रालयबाट आवश्यक छानविन र कारवाहीका लागि लेखी पठाइएका विषयहरू प्राथमिकतासाथ फछ्यौंट गर्ने।

(ख) अपराध नियन्त्रणः

१. जिल्लाभित्र घट्ने कुनैपनि घटनाको निरूपण, पीडितलाई न्याय र दोषीलाई कानूनको दायरामा ल्याउने कार्यमा नागरिकको आशा, विश्वास र भरोसामा अभिबृद्धि हुने गरी कार्यसम्पादन गर्ने गराउने।

२. छिमेकी मुलुकहरूसँग सीमा जोडिएका जिल्लाहरूले सीमा सुरक्षा, सीमा स्तम्भको सुरक्षा र सीमा क्षेत्रमा हुने अपराध र सीमापार अपराध नियन्त्रणका लागि सीमा क्षेत्रका गतिविधि नियमित रुपमा निगरानी गर्ने, जिल्ला सुरक्षा समितिकोतर्फबाट सीमा निरीक्षण गर्ने, सुरक्षाकर्मीहरूबाट एकल तथा संयुक्त गस्ती पट्रोलिङ गर्ने र आवश्यकता अनुसार समकक्षी बैठकहरूसमेत आयोजना गर्ने।

३. समकक्षी बैठकमा सहभागिता जनाउनुपूर्व मन्त्रालयको स्वीकृति लिने र त्यस्ता बैठकमा राष्ट्रिय हितका विषयहरू स्पष्टसंग उठाउने। मन्त्रालयले स्पष्ट अधिकार दिएको अवस्थामा बाहेक लिखित सहमति नगर्ने। साथै बैठक सम्पन्न भएपछि प्रमुख जिल्ला अधिकारीले सो बैठकका सम्बन्धमा मन्त्रालयमा लिखित प्रतिवेदन गर्ने।

(ग) निर्वाचनः

१. आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न गर्न सबै सरोकारवालाहरूको समन्वयमा जिल्लास्तरमा निर्वाचनमैत्री वातावरण बनाउदै जाने। सुरक्षा निकायहरूबाट समन्वयात्मकरूपमा निर्वाचन सुरक्षा लक्षित गस्ती पट्रोलिङ बढाउने।

२. निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न भरपर्दो सुरक्षा व्यवस्था गर्न प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना, २०८२ तर्जुमा सुरु भैसकेकोले जिल्लास्तरमासमेत यसपूर्वको निर्वाचन सुरक्षा अभ्यास तथा अनुभव समेतका आधारमा सबै सुरक्षा निकायहरूले उक्त निर्वाचन प्रयोजनको लागि आवश्यक पर्ने सुरक्षाकर्मी, हातहतियार, सञ्चार उपकरण, सवारी साधनलगायतको विषयमा लेखाजोखा गर्ने।

३. हाल कायम रहेका मतदानस्थलहरूको परिवर्तित परिस्थितिमा वर्गीकरण गर्नुपर्ने भएकोले जिल्ला सुरक्षा समितिबाट संवेदनशीलतास्तर (सामान्य, संवेदनशील र अतिसंवेदनशील) विश्लेषण एवम् वर्गीकरणको कार्य गरी मन्त्रालयसमक्ष प्रतिवेदन गर्ने।

४. निर्वाचन बिरोधी गतिविधि एवम् भूमिगत समूहद्वारा सञ्चालित कृयाकलापहरूको पहिचान एवम् नियन्त्रणका लागि सूचना प्राप्ति, विश्लेषण र कार्ययोजना बनाई समन्वयात्मक तवरले प्रभावकारी रूपमा कार्यान्वयन तथा प्रतिवेदन गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
फोन नं.:०१-४२११२०८
०१-४२११२०३
इमेल:control@moha.gov.np
सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- शा.सु.०८२/०८३/३२
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

५. तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्ने गराउने सम्बन्धमा निर्वाचन आयोग तथा यस मन्त्रालयबाट भएका निर्णय एवम् निर्देशनलाई प्राथमिकता दिई तदारूकतासाथ कार्यान्वयन गर्ने गराउने।

(घ) सुशासन र प्रभावकारी सेवा प्रवाहः

१. जिल्लामा नेपाल सरकारको प्रतिनिधिको रुपमा प्रमुख जिल्ला अधिकारीले काम गर्ने भएकोले प्रचलित ऐन, नियम र निर्देशिका प्रदत्त अधिकार प्रयोग गरी पूर्ण सक्रियताका साथ कार्यसम्पादन गर्ने। नागरिक सरोकारका विषय एवम् सेवा प्रवाहका कार्यमा अग्रसरता लिई समयमा नै कार्य फछ्यौंट गर्ने गराउने।

२. सार्वजनिक सेवा प्रवाहमा जनताका ससाना अपेक्षा तथा समस्या सम्बोधन हुने गरी सेवालाई पूर्वानुमानयोग्य बनाउने र लाग्ने समय एवम् आवश्यक कागजात पुरा भएपछि कसैलाई भनसुन नगरी सेवा पाइन्छ भन्ने विश्वास जागृत हुने गरी काम गर्ने र सोही बमोजिमको व्यवस्था मिलाउने।

३. सेवाग्राहीलाई सहज हुने गरी सकेसम्म एकद्वार पद्धतिमा सेवा प्रवाहको प्रबन्ध मिलाउने र भिडभाड एवम् लामो लाईन र समय लाग्ने अवस्थामा टोकन प्रणाली लागू गर्ने गराउने। कार्यालयको लेआउट सेवाग्राहीमैत्री बनाउने र प्रविधिमैत्री तबरले छरितो सेवा प्रवाहको व्यवस्थापन गर्ने।

४. कुनैपनि काम हुँदैन भनी कार्यालयबाट सेवाग्राहीलाई फिर्ता पठाउनुपूर्व कुन काम कसरी हुन्छ वा किन नहुने हो भन्ने कुरा जिम्मेवार कर्मचारीले राम्रोसँग बुझाउने कार्य गर्ने।

५. सरकारी सेवा र कार्यालयसँग सम्बन्धित कामको लागि कानूनतः लाग्ने राजश्व बाहेक कुनै शुल्क नलाग्ने हुँदा अतिरिक्त खर्च गर्न नपर्ने व्यहोरा सेवाग्राहीले जानकारी पाउने प्रबन्ध मिलाउने।

६. सेवा प्रवाहमा प्रभावकारिता बढाउन सेवाग्राहीलाई आवश्यक पर्ने सूचना, जानकारीहरू र कार्यविधिगत विषयहरू, कार्यालयको वेभसाइट तथा सामाजिक सञ्जालहरू (Facebook, Twitter) वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक जानकारी गराउने।

७. नागरिकको गुनासो प्रभावकारी सम्बोधन हुने गरी आवश्यकता अनुसार QR Code सहित सेवाग्राहीले गुनासो पठाउने र सोको तत्काल सम्बोधन गर्ने गराउने प्रबन्ध मिलाई गुनासो लिई मन्त्रालयसम्म आउन नपर्ने अवस्था सिर्जना गर्ने।

८. सरकारी सेवा सरल एवम् सहज छ छैन वा सुधारको अवस्था र उपायसमेतका बारेमा आवश्यकता अनुसार सरोकारवालाहरूसँग नियमित छलफल एवम् अन्तरक्रिया गरी पृष्ठपोषण लिने र कार्यान्वयन गर्ने।

९. स्थानीय प्रशासनबाट प्रवाह हुने शान्ति सुरक्षा तथा अपराध नियन्त्रण, नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानीलगायत सम्बद्ध सेवासम्बन्धी समग्र विषयमा जिल्ला सुरक्षा समितिद्वारा जिल्लाभित्रका सबै स्थानीय तहमा **"प्रशासन जनप्रतिनिधि अन्तरक्रिया"** कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहमा सुधार एवम् सुशासन प्रवर्द्धनमा योगदान पुऱ्याउने।

१०. कार्यालयमा उपलब्ध भइरहेको बजेटबाट खर्च व्यवस्थापन गर्ने गरी कार्यालयको हाताभित्रबाट प्रवाह हुने सेवाका लागि दोश्रो व्यक्तिको सहायता लिन नपर्ने गरी कार्यालय परिसरमा अवाञ्छित व्यक्तिको प्रवेशलाई पूर्णतया निरूत्साहित एवम् निषेध गर्ने र नागरिक सहायता कक्षबाट देहाय बमोजिमका सेवा निःशुल्क उपलब्ध गराउने।

नेपाल सरकार
गृह मन्त्रालय
फोन नं.:०१-४२११२०८
०१-४२११२०३
इमेल:control@moha.gov.np
सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्या:- शा.सु.०८२/०८३/३२
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

- जिल्ला प्रशासन कार्यालयमा प्रयोग हुने सबै प्रकारका दरखास्त एवम् निवेदन फाराम,
- आफ्नो निवेदन आफै लेख्न तथा फाराम भर्न असमर्थ व्यक्तिरूको लागि सहयोगीको व्यवस्था,
- स्क्यान गर्ने र फोटोकपी सेवा,
- इमेलबाट पत्राचार गरी अभिलेख बुझ्न पठाउने र प्राप्त गरी प्रिण्ट गर्ने सेवा,
- **प्राथमिकता प्रदानः** अपाङ्गता भएका व्यक्ति, अशक्त व्यक्ति, गर्भवती महिला, काखमा दुधे बच्चा भएको महिला, ज्येष्ठ नागरिक र टाढाबाट सेवा लिन आउनुभएका सेवाग्राही।

(ङ) विकास ब्यवस्थापनः

१. जिल्ला भित्रका निर्माणाधीन विकास आयोजनाहरू (राष्ट्रिय गौरवका आयोजनाहरू, प्राथमिकता प्राप्त राष्ट्रिय आयोजनाहरू, प्रादेशिक वा स्थानीयस्तरका आयोजनाहरू) को निर्माण कार्यमा कुनै समस्या वा अवरोध देखापरेमा आवश्यक समन्वय र सहजीकरण गर्ने।

(च) कारागार प्रशासनः

२. जेनजी (Gen-Z) युवाहरूको अगुवाईमा भएको आन्दोलनक्रममा फरार कैदीबन्दी फिर्ता ल्याउनेसम्बन्धमा गृह मन्त्रालयको निर्णय अनुसार गठित फरार बन्दी खोजी तथा पक्राउ कार्यदललाई प्रभावकारी बनाई कार्यसम्पादन गर्ने।

३. कारागार कार्यालयहरूको मासिकरूपमा नियमित अनुगमन गरी कारागारको सुरक्षा प्रबन्ध, आन्तरिक नियन्त्रण एवम् कैदीबन्दीहरूको मानवोचित व्यवस्था र न्यूनतम मानव अधिकारको सुनिश्चितता गर्ने, गराउने।

४. कारागारहरूलाई सुधार गृहको रुपमा विकास गर्न कैदी बन्दीहरूको सीप विकास र विद्यमान सीपको प्रयोग गरेर कारागारभित्र उद्योग सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने। यस कार्यमा प्रदेश सरकारसँग समेत आवश्यक समन्वय गर्ने।

(छ) विपद् व्यवस्थापनः

१. जिल्ला विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाई विपद् व्यवस्थापन समितिको बैठक नियमित रुपमा आयोजना गर्ने र विपद्का कारणले नागरिकले ज्यान गुमाउन नपर्ने अवस्था सृजना गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई भरपर्दो र सुरक्षित तुल्याउने।

२. बढ्दो सवारी दुर्घटनाका सन्दर्भमा यातायात सुरक्षा सम्बन्धी प्रचलित कानूनका साथै मन्त्रालयको यस अघिको परिपत्र समेतलाई दृष्टिगत गरी यातायात सुरक्षासँग सरोकार राख्ने संघ, प्रदेश र स्थानीय तहका निकाय एवम् यातायात व्यवसायीसँग समन्वय गरी सवारी दुर्घटना नियन्त्रणका लागि ठोस पहल गर्ने।

३. ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने, सडक दुर्घटना न्यूनीकरणका लागि सरोकारवाला निकायहरूको सहभागितामा सडक सुरक्षाका लागि कार्यक्रमहरू सञ्चालन गर्ने। सडक अनुशासन पालना गराउन सडकमा गुड्ने सवारीका सवारी चालक र पैदल यात्रुहरूलाई लक्षित गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने।

नेपाल सरकार
गृह मन्त्रालय
फोन नं.:०१-४२११२०८
०१-४२११२०३
इमेल:control@moha.gov.np
सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- शा.सु.०८२/०८३/३२
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

(ज) आपूर्ति व्यवस्थापनः

१. अत्यावश्यक सेवाहरू (सडक, सञ्चार, विद्युत्, खानेपानी, स्वास्थ्य उपचार, रक्तसञ्चार सेवा, सार्वजनिक यातायात, दमकल, एम्बुलेन्स आदि) मा सेवा अवरुद्ध नहुने सुनिश्चित गर्न निरन्तर समन्वय गर्ने साथै सेवा अवरुद्ध गर्ने विरुद्ध तत्काल कारवाही गर्ने।

२. जिल्लाभित्र वस्तु तथा सेवाको अभाव हुन नदिई सहज तथा नियमित आपूर्ति सुनिश्चित गर्न, जम्माखोरी, कालोबजारी अस्वभाविक मूल्यवृद्धि रोक्न र उपभोक्ता ठगिने अवस्थाको अन्त्य गर्न नियमितरूपमा सरोकारवालासँगको समन्वयमा बजार अनुगमन गर्ने गराउने।

३. आपूर्ति प्रणाली तथा भण्डारणको अवस्थाको लेखाजोखा गरी आपूर्ति प्रणालीमा अवरोध हुन नदिन आवश्यक व्यवस्था मिलाउने र गैरकानूनी कार्यलाई कानूनको दायरामा ल्याउने।

(झ) अनुगमन निरीक्षणः

१. सीमा क्षेत्रमा अवैध तस्करी गर्नेलगायत राजश्व हिनामिना गर्ने व्यक्ति तथा समूह र स्थान उपर कडा निगरानी एवम् कारवाही गर्ने। सूचना संकलन र शंकास्पद क्षेत्रमा सुरक्षा परिचालन गरी त्यस्ता व्यक्ति तथा समूहका गतिविधि निस्तेज गर्ने। राजश्व चुहावट नियन्त्रण सम्बन्धमा जिल्ला भित्र राजश्व संकलन गर्ने निकायका प्रमुख एवम् जिल्ला भित्रका उद्योगी व्यापारीहरू र राजनीतिक दलसँग नियमितरुपमा छलफल तथा अन्तरक्रिया गरी गराई राजश्व चुहावट प्रभावकारीरूपमा नियन्त्रणका लागि सरोकारवाला निकायसँग आवश्यक सहकार्य र समन्वयसमेतका कार्य गर्ने।

२. विदेशी नागरिक अनुगमन निर्देशिका, २०७५ मा व्यवस्था भए अनुसार जिल्ला अनुगमन समितिको बैठक नियमित रुपमा आयोजना गर्ने। विदेशी नागरिकको गैरकानूनी उपस्थिति र गतिविधिको बारेमा सूचना संकलन, नियमन गरी गैरकानूनी प्रवेशलाई नियन्त्रण गर्ने।

३. सीमा क्षेत्रमा हुने चौपायको अवैध ओसारपसारलाई प्रभावकारीरूपमा नियन्त्रण गर्ने।

४. जिल्ला भित्रका सबै कार्यालयको नियमित अनुगमन गर्ने।

५. जिल्लास्थित सबै कार्यालयहरू, संघसंस्था एवम् विकास निर्माण कार्यहरूको आफू र मातहतका सुरक्षा निकायसमेतको मद्दतबाट सुक्ष्म रुपले निगरानी राखी अनियमितताको जानकारी मन्त्रालयलाई तुरुन्त गराउने। कारवाहीको अधिकार क्षेत्र प्रमुख जिल्ला अधिकारीलाई नभएका क्षेत्रको पनि अनियमितता, भ्रष्टाचार आदिका सूचना संकलन गरी सम्बन्धित निकायमा कारवाहीका लागि लेखी पठाउने।

६. नदीजन्य तथा खानीजन्य पदार्थको अवैध उत्खनन् तथा ओसारपसारलाई नियन्त्रण गरी कानूनको दायरामा ल्याउने।

७. कर्मचारीहरूको उपस्थिति, आचरण र अनुशासनमा ध्यान दिने। विद्युतीय हाजिरीको प्रभावकारी कार्यान्वयन गर्ने। कर्मचारीहरूले सामाजिक सञ्जाल लगायतका सञ्चार माध्यमहरूमा पदीय आचरण विपरीत पोष्ट शेयर, कमेन्ट नगर्ने र त्यस्ता कार्य हुन नदिने।

नेपाल सरकार
# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२०३
इमेल:control@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- शा.सु.०८२/०८३/३२
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-

(ञ) कार्यक्रममा सहभागिता एवम् व्यवस्थापन:

१. कानूनतः गठन भएका समिति, कार्यदल एवम् प्रमुख जिल्ला अधिकारीको कार्यक्षेत्रसँग प्रत्यक्ष सम्बन्धित र जिम्मेवारी तोकिएका कार्यक्रमबाहेक अन्य कार्यक्रममा सहभागी नहुने।

२. आफूले सहभागिता जनाएको कार्यक्रमको अभिलेख कार्यालयमा राख्ने व्यवस्था मिलाउने र सोको प्रतिवेदन मन्त्रालय समक्ष गर्ने।

३. धेरैजसो बैठक एवम् कार्यक्रम समयमा शुरू नहुने, विषयवस्तुभन्दा बाहिर गएर छलफल हुने, औपचारिकतामा धेरै समय खर्च हुने गरेको सन्दर्भमा जिल्ला प्रशासन कार्यालयबाट आयोजना हुने बैठक एवम् कार्यक्रमहरू अनिवार्यरूपमा तोकिएको समयमा नै प्रारम्भ र समापन हुनेगरी सञ्चालन गर्ने।

४. अन्य निकायबाट आयोजना हुने बैठक एवम् कार्यक्रममा तोकिएको समयमानै उपस्थित हुने। आफू समयमा उपस्थित हुन नसकिने भए आयोजकलाई समयमै जानकारी गराई आफ्नो कारणबाट बैठक ढिला हुने अवस्था सृजना नगर्ने र कार्यक्रम तोकिएको समय भन्दा १० मिनेट ढिला हुँदासम्म पनि शुरू नभएमा कार्यक्रममा सहभागिता नजनाउने।

५. कार्यक्रममा निमन्त्रणा पठाउँदा नै बैठक शुरु हुने र सम्पन्न गर्ने समय सीमा तोकेर पत्राचार गर्ने। निमन्त्रणासँगै कार्यक्रम तालिका वा एजेण्डा सहित पठाउने व्यवस्था मिलाउने।

६. बैठकका निर्णयहरू वस्तुनिष्ठ र कार्यान्वयनको समयसीमा सहित गर्ने। बैठकमा अघिल्लो बैठकको निर्णयहरूको अनिवार्य समीक्षा गर्ने।

७. कार्यक्रम तथा बैठकमा कार्यक्रमको अध्यक्ष र प्रमुख अतिथिलाई मात्र आसन ग्रहण गराउने र अन्यलाई एकमुष्ट सम्बोधन गर्ने।

८. बैठकमा बोल्दा बैठकको अध्यक्षलाई मात्र सम्बोधन गर्ने र तोकिएको एजेण्डामा मात्र छलफल केन्द्रित गर्ने।

९. बैठक तथा कार्यक्रममा सहभागीहरूको स्वागतमा फुलमाला, खादा आदिको प्रयोग गरी खर्चिलो हुने गरेको सन्दर्भमा सम्भव भएसम्म प्रमुख जिल्ला अधिकारीले फुलमाला, खादा आदिको प्रयोग नगर्ने। प्रयोग गर्नुपरेमा प्राकृतिक फुल एवम् स्वदेशी खादा प्रयोग गर्ने।

१०. राष्ट्रप्रमुख, प्रधानमन्त्री र अतिविशिष्ट व्यक्ति वा विभागीय मन्त्री औपचारिक कार्यक्रममा सहभागी हुन आउँदा र प्रचलित कानूनले निर्धारण गरेको बाहेक अन्यलाई विमानस्थलमा स्वागत वा बिदाईका लागि सहभागी नहुने। अन्यलाई कार्यक्रम आयोजनास्थल वा कार्यालयमा मात्र स्वागतका लागि उपस्थित हुने।

(ट) विविध:

१. जेनजी (Gen-Z) युवाहरूको अगुवाईमा भएको प्रदर्शनक्रममा क्षति भएका सार्वजनिक सम्पत्ति, भौतिक संरचनाहरूको पुनर्निर्माणका लागि नेपाल सरकारबाट स्थापना भएको पुनर्निर्माण कोषमा सहयोग रकम जम्मा गर्न इच्छुक सबैलाई आह्वान गर्ने। साथै क्षतिग्रस्त संरचना तथा पूर्वाधारहरू पुनर्निर्माणका लागि संघ, प्रदेश एवम् स्थानीय तहबाट भएका कार्यमा आवश्यक सहजीकरण र समन्वय गर्ने।

नेपाल सरकार
# गृह मन्त्रालय
फोन नं.:०१-४२११२०८
०१-४२११२०३
इमेल:control@moha.gov.np
सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- शा.सु.०८२/०८३/३२
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

नेपाल सरकार
गृह मन्त्रालय

२. प्रदर्शनक्रममा जिल्लास्थित सबै कार्यालयमा आगलागी तथा तोडफोड भएका एवम् कार्यालयका पुराना जिन्सी सामानहरू मिनाहा, लिलाम बिक्री, हस्तान्तरण आदि कानून बमोजिम जे जो गर्नुपर्ने हो सो गरी कार्यालय परिसर पूर्णरुपले सफा सुग्घर राख्ने।
३. अदालतबाट भएका निरीक्षणका क्रममा प्राप्त निर्देशनहरू पालना गर्ने, प्रचलित कानून बमोजिम प्रमुख जिल्ला अधिकारीले हेर्ने मुद्दाहरू कानूनले तोकेको म्याद भित्रै फैसला गर्ने र भएका फैसला अविलम्ब कार्यान्वयन गरी सोको प्रतिवेदन गृह मन्त्रालय र अनुगमन गर्ने निकायमा पठाउने।
४. सम्बन्धित स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा सार्वजनिक तथा सरकारी जग्गाको लगत तयार गर्ने, सोको अभिलेख मन्त्रालयमा पठाउने र जिल्ला तथा स्थानीय तहमा समेत राख्ने व्यवस्था मिलाउने।
५. कसूरजन्य सम्पत्ति तथा साधनहरू सम्बन्धमा कानून बमोजिमका आवश्यक कार्यहरू गर्ने।
६. बेरुजुको लगत अद्यावधिक गर्ने र पुराना बेरुजुहरू पनि यस आ.व. भित्रै फछ्यौंट गर्ने गरी कार्ययोजना बनाई काम गर्ने। साथै त्यसरी फछ्यौंट गर्न नसकिने पुराना बेरुजुहरू भए गर्न नसक्नुको कारण र फछ्यौंट गर्ने उपायसहित मन्त्रालयमा प्रतिवेदन पेश गर्ने।
७. मन्त्रालयले माग गरेको विवरण प्रमुख जिल्ला अधिकारी आफैले उच्च प्राथमिकता दिई प्रेषित गर्ने। अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत नियमनकारी निकायबाट भएका पत्राचारहरूलाई प्राथमिकतासाथ कार्यान्वयन गर्ने।
८. नेपाली सेनाको हेलीकोप्टरबाट उद्दारको लागि अनुरोध गरी पठाउदा प्रमुख जिल्ला अधिकारी आफैले स्पष्टरूपमा विपद्को घटना भए सोही व्यहोरा खुलाई तत्कालै र अन्य अवस्थामा हेलिकोप्टर उडानबापत लाग्ने रकम भुक्तानी गर्ने व्यक्ति तथा निकायको प्रतिवबद्धता पत्र समेत संलग्न गर्ने।

सादर अवगतार्थः
माननीय मन्त्रीज्यू,
गृह मन्त्रालय, सिंहदरवार।
श्रीमान् मुख्य सचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सिंहदरवार।

२०८२/८/१२
(रविन्द्र आचार्य)
उपसचिव